# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या १ मिति २०८२ असार १५ गते


# भाग २

## तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

## किशोरी सञ्जाल सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना** : किशोरीहरू भनेको बाल्यावस्थाबाट वयस्क अवस्था तर्फ बढ्दै गरेको तर युवा नभइसकेको अवस्था हो। यहि उमेरमा उनीहरूको शरीर (प्रजनन अंग ) मा पनि परिवर्तन हुन्छ । यस हिसाबले यो उमेर समुह शारिरिक तथा मानसिक हिसाबले निक्कै जटिल अवस्थाबाट गुज्रिरहने भएकोले पनि संवेदनशिल मानिएको हो ।

किशोरावस्था मानिसको जीवनको महत्वपूर्ण अवस्था हो । यो अवस्थामा उनीहरूले प्राप्त गर्ने माया, सहयोग, संस्कार,शिक्षा आदिले उनीहरूको भविष्यको आधार तय गर्दछ । राम्रो वातावरण पाएमा उनीहरू असल, सफल र संस्कृत मानिस बन्न सक्छन् । अनुकूल वातावरणको अभावमा उनीहरू असफल र अपराधी पनि बन्न सक्छन् । त्यसैले हामीले  किशोरीको मनोविज्ञान कति बुझ्ने गरेका छौं र उनीहरूको अवस्थालाई कति महत्वले हेरेका छौं? भन्ने प्रश्न महत्वपूर्ण छ । उनीहरूको हुर्काइमा विभिन्न विषयले प्रभाव पारिरहेको हुन्छ । पारिवारिक वातावरण, विद्यालय, साथी, समाज आदिका माध्यमबाट उनीहरूले जीवनका चौतर्फी ज्ञानहरू सिक्ने अवसर प्राप्त गर्दछन् । यही क्रममा उनीहरूले जीवनको बाटो छान्दछन् ।

भविष्यका राष्ट्र निर्माता मानिने किशोरीको स्वास्थ्य, शिक्षा, मनोञ्जन, क्षमता र सीप विकासको निम्ति समयमै केही गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम स्थानिय सेवाको अधिकतम उपयोग गर्न तुर्माखाँद गाउँपालिका स्तरिय किशोरी सञ्जाल सञ्चालन कार्यविधि, २०८२ तयार गरी लागु गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो कार्यविधिको नाम "तुर्माखाँद गाउँपालिकाको पालिका स्तरिय किशोरी सञ्जाल सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि तुर्माखाँद गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

(२) यो ऐन तुर्माखाद राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क)" तुर्माखाँद गाउँ**पालिका**" भन्नाले तुर्माखाँद गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ख)**"वडा कार्यालय"** भन्नाले तुर्माखाँद गाउँपालिकाका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ ।

ग) **"किशोर-किशोरी"** भन्नाले यस गाउँपालिका भित्रका १२ वर्षदेखि १९ वर्ष उमेर समुहका किशोर-किशोरी लाई सम्झनुपर्छ ।

घ) **"किशोरी सञ्जाल"** भन्नाले यस तुर्माखाँद गाउँपालिका अन्तर्गतका प्रत्येक विद्यालय स्तरीय र सबै विद्यालयलाई समेटेर गाउँपालिका स्तरमा गठन गरिएको सञ्जाललाई सम्झनुपर्छ ।

ङ) **"लैङ्गिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्छ।

च) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा"** भन्नाले तुर्माखाँद गाउँ पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखालाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## किशोरी सञ्जाल सञ्चालनको उद्देश्य, विद्यालय र तुर्माखाँद गाउँपालिका स्तरीय सञ्जालको गठन तथा काम कर्तव्य र अधिकार

३. **किशोरी सञ्जाल सञ्चालनको उद्देश्यः**

क) विभिन्न निकायबाट सञ्चालन गरिने विकासका क्रियाकलापमा किशोर किशोरीको पहुँच अभिवृद्धि तथा सहभागिता सुनिश्चित गर्ने,

ख) किशोर किशोरीहरूलाई आफ्ना हकहित र अधिकारका विषयमा जागरुक गराउने,

ग) सामाजिक विकृति विसङ्गति, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक आवाज उठाउन जागरुक गराउने,

घ) किशोर किशोरीहरूलाई विद्यालय तथा वडा गरी सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सहभागिता गराउने,

ङ) किशोर किशोरी मैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्न पहल गर्ने,

च) किशोर किशोरी लक्षित कार्यक्रम तय गर्न पहल गर्ने ।

४. **विद्यालयस्तरीय किशोरी समुह गठनः** १) विद्यालयभित्रका किशोरीहरूको सहभागीतामा गठन गरिएको समुहलाई विद्यालय स्तरीय समुह मानिनेछ ।

२) फोकल शिक्षकको संरक्षकत्वमा एक किशोरी समुह रहनेछ । उपदफा (१) बमोजिम गठन हुने किशोरी समुह विद्यालय स्तरिय भेलाबाट कम्तीमा ७ र बढिमा १५ जनाको समिति रहनेछ। । समितिमा सिमान्तकृत तथा अपाङ्गता भएकाहरूलाई पनि समावेश गर्नुपर्नेछ।

३) समितिको पदावधि एक वर्षको हुनेछ । एक वर्षमा आफू पदाधिकारी रहेको पद हेरफेर गर्न सक्नेछन्। समुहका पदाधिकारीहरू एउटै पदमा लगातार दुई कार्यकाल भन्दा बढी रहनेछैनन् ।

४)समुहको बैठक कम्तिमा मासिक रुपमा बस्नेछ । आवश्यक परेमा आवश्यकता अनुसार बस्न सक्नेछन्।

५)समुहको बैठकमा आवश्यकता अनुसार अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

६)समुहले बार्षिक रुपमा विद्यालय स्तरिय भेला गर्नेछ ।

७.यस अघि गठन भएका किशोरी समुह यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**५. विद्यालय स्तरीय किशोरी समुहको सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

विद्यालय स्तरीय किशोरी समुह सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) किशोर किशोरीहरूका विविध सवालहरूमा छलफल गर्ने र

संबन्धित सरोकारवाला सम्म पुऱ्याउने ।

ख) किशोर किशोरीहरूको हित हुने खालका कार्यक्रम तथा योजनाहरू माग गर्ने तथा सञ्चालन गर्ने,

ग) विद्यालयमा रहेका सवालहरू, विकृति तथा विसङ्गतिका विषयहरूमा घनिभूत छलफल गरी निराकरणका लागि पैरवी गर्दै विद्यालय समक्ष सुझाव तथा सल्लाह दिने ।

घ) विद्यालयले सञ्चालन गर्ने क्रियाकलापमा सहयोग र सहभागिता जनाउने ।

ङ) किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सचेतना एवं शिक्षाका लागि तालिमहरु सहजिकरण गर्ने ।

च) किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सचेतना एवं शिक्षाका लागि भेला र महाभेला (MEET र SUMMIT) आयोजना गर्ने।

छ) किशोरकिशोरी नेतृत्व विकासका लागि विद्यालय स्तरिय क्रियाकलापहरु सञ्चालन गर्ने गराउने ।

**६. पालिका स्तरीय किशोर किशोरी सञ्जाल गठनः**

१)पालिका स्तरमा किशोर किशोरीको आर्थिक, सामाजिक, लैङ्गिक, सांस्कृतिक, मनोवैज्ञानिक एवं समग्र

क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न कार्यपालिकाको महिला प्रतिनिधि/संयोजकको संरक्षकत्वमा एक पालिका स्तरीय किशोरी सञ्जाल गठन गरिनेछ।

२) उपदफा (१) बमोजिम गठन हुने किशोरी सञ्जालमा पालिकामा रहेको विद्यालय स्तरीय किशोरी समुहबाट एक जना प्रतिनिधि र पालिकाको कार्यपालिकाको महिला प्रतिनिधि १ (पदेन सदस्य ) गरी .. जनाको कार्यसमिति रहनेछ। कार्यसमितिमा १ जना संयोजक र अन्य सबै सदस्य हुनेछन् ।

३) सञ्जालको बैठक कम्तिमा द्विमासिक बस्नेछ । आवश्यक परेमा आवश्यकता अनुसार बस्न सक्नेछन् ।

४) सञ्जालको पदावधि एक वर्षको हुनेछ।

५)सञ्जालको बैठकमा आवश्यकता अनुसार अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछन् ।

७. **पालिका स्तरीय किशोरी सञ्जाल सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** पालिका स्तरीय किशोरी सञ्चालक समितिले देहायको कार्यहरू गर्नेछन् :

१)किशोर किशोरीका अधिकार, किशोर किशोरीहरूका विविध सवालहरूका विषयमा उचित नीति तथा रणनीति तय गर्न पालिकालाई सुझाव तथा सल्लाह दिने,

२)किशोर किशोरीहरूमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने,

३)किशोर किशोरीहरू विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने

४)पालिका स्तरिय भेला र महाभेला (MEET र SUMMIT) आयोजना गर्ने र नेतृत्व विकास र सञ्जालिकरण मार्फत चिनजान र क्षमता विस्तार गर्ने ।

५)प्रतिभा प्रस्पोटन र विकासमा सवै सरोकारवालहरुसगँ सहकार्य र सहयोगको लागि पहलकदमी गर्ने गराउने ।

६)किशोर किशोरी मैत्री पालिका निर्माणमा आवश्यक पहल गर्ने ।

## परिच्छेद- ३

## किशोरी सञ्जाल दर्ता सम्बन्धमा

८. **किशोरी सञ्जाल दर्ता हुनुपर्ने:** १ ) प्रत्येक वडामा गठन हुने किशोरी सञ्जाल पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखामा दर्ता हुनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि किशोरी सञ्जालले विद्यालयको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

३) किशोरी सञ्जाल सञ्चालक समितिबाट निर्णय भई दर्ताको लागि पेश गरेमा पालिकाले अनुसूची-२ बमोजिम किशोरी सञ्जाल दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

४) किशोरी सञ्जालले यस कार्यविधिको उद्धेश्य विपरित कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत यस सञ्जाल खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ किशोरी सञ्जाल गठन हुनेछ ।

९. **पुरस्कृत गर्ने**: उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास गर्न सकेमा किशोरी सञ्जाललाई पालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेद-४
## किशोर किशोरी सञ्जालको कार्यक्षेत्र

१०. **किशोरी सहभागिता पर्वर्द्धन:** पालिकामा किशोर किशोरीको समग्र विकास तथा उनीहरूलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरूमा प्राथमिकताका साथ किशोरी सहभागिता तथा स्रोत व्यवस्थापनका क्षेत्रमा आवश्यक सहजीकरण र पैरवी गर्ने ।

११. **शिक्षा** : सीपमूलक र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न स्थानीय तथा पिछडिएका क्षेत्रका किशोर किशोरीहरूलाई विद्यालयहरुमा अध्ययन गर्ने अवसर सृजना गर्न सहजीकरण समन्वय र पैरवी गर्ने ।

१२. **स्वास्थ्य** :

(क) किशोर किशोरीलाई प्रजनन स्वास्थ्य सम्वन्धी शिक्षा प्रदान गर्ने, यौनजन्य हिंसाबाट जोगिने, लागु पदार्थको दुर्व्यसनबाट बच्ने एचआईभी/एड्सको सम्भावित जोखिमबारे सचेत गराउने र

एचआईभी/ एड्सबाट सङ्क्रमित उपर हुने गरेका सबै खाले सामाजिक भेदभाव कम गराउने प्रकारका जनचेतनामुलक कार्यक्रमहरू सञ्चालनका लागि समन्वय र सहकार्य गर्ने ।

(ख) पालिका तथा विभिन्न गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गरी बालश्रम, बाल विवाह, आत्महत्या तथा विभिन्न सामाजिक कुरीति विरुद्ध अभियान सञ्चालन गर्ने र सहभागिता जनाउने ।

**१३. हानीकारक अभ्यास विरुद्ध अभियान:**

(क) लागु औषध सम्वन्धी सडक नाटक तथा विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने। ( जस्तैः किशोर किशोरी शिक्षा, साथी शिक्षा)

ख) पालिकाको सामाजिक सुधारमा प्रभावकारी भूमिका निर्वाह गर्ने,

ग) सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सुमधुर सम्बन्ध स्थापित गरी किशोर किशोरीको उत्थानमा सहजिकरण गर्ने,

(घ) पालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने,

ङ) अन्धविश्वास, कुरीति, बालविवाह, विद्यालय छाड्ने, आत्महत्या जस्ता सामाजिक समस्या, विकृति, विसङ्गतिको पहिचान गरि सुधारका प्रयासहरू गर्ने,

च) धुम्रपान तथा मद्यपान जस्ता विकृतिहरू न्यूनीकरण गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने,

छ) विद्यालय तथा टोलमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसंस्कृत विद्यालय एवं समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

ज) समानतामा आधारित पहुँच, समतामूलक समाज निर्माणमा जोड दिई किशोर किशोरीहरूका अधिकारका विषयप्रति सचेत एवं चनाखो हुने,

## परिच्छेद-५
## विविध

**१४. सञ्जालको कोषः** १) पालिकास्तरीय किशोरी सञ्जालको आफ्नो छुट्टै कोष रहनेछ । कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ख) सहयोग, उपहारबाट प्राप्त रकम,

(ग) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

२) कोषको उपयोग : कोषको रकम देहायको कामको लागि उपयोग गर्नुपर्नेछ।

क) किशोरी सञ्जालको व्यवस्थापन, किशोर किशोरीको क्षमता विकास तथा किशोर किशोरीहरूको हक हित सम्वन्धमा समितिले तोके बमोजिमको कार्य गर्नुपर्नेछ,

ख) कोषको रकम समितिले गरेको निर्णयका आधारमा मात्र खर्च गर्नुपर्नेछ ।

ग) कोषमा जम्मा हुने रकमको स्रोत सञ्जालले प्रष्ट खुलाउनु पर्नेछ र बार्षिक आयव्यय प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी अनुमोदन गर्नुपर्नेछ ।

घ) कोषको सञ्चालन पायक पर्ने बैंकमा सञ्जालको संयोजक सहित कम्तिमा ३ जनाको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

१५. **प्रगति प्रतिवेदन:** पालिका स्तरीय किशोरी सञ्जालले गरेका कार्यको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१६. **प्रचलित कानुन बमोजिम हुन:** यस कार्यविधिमा परेका विषयहरू यसै बमोजिम र अन्य विषयहरूका हकमा प्रचलित कानुन बमोजिम हुनेछ । साथै यस कार्यविधिमा उल्लेखित कुनै व्यहोरा नेपाल सरकारको कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची १

## किशोरी सञ्जाललाई पालिकामा दर्ता गर्नेनिवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
...............................
...........................पालिकाको कार्यालय
..................................... ।

विषय: किशोरी सञ्जाल दर्ता / नवीकरण गरिपाँउ ।

प्रस्तुत विषयमा यस ........................पालिका मा गठन गरिएको तपसिल बमोजिमका पदाधिकारीहरू रहेको श्री.......................................................... सञ्जाललाई यस गाउँपालिका कार्यालयमा दर्ता/नवीकरण गरि किशोर किशोरी सञ्जाल दर्ता गरि प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

तपशिल:

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निवेदक:
अध्यक्षको नाम:
सञ्जालको नाम:

**अनुसूची २**
**किशोरी सञ्जाल दर्ता प्रमाणपत्रको ढाँचा**

दर्ता नं.

मिति:

............................**पालिका**
............. **कार्यपालिकाको कार्यालय**
.............................
..................... **प्रदेश, नेपाल**

..................पालिका मा गठन भएको.................................................................... किशोरी सञ्जाललाई यस कार्यालयमा मिति........................................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस ....पालिकाको किशोर किशोरीहरूको हित प्रवर्द्धन गर्ने, विकास निर्माणमा किशोर किशोरीको सहभागिता गराउने, सामाजिक विकृति विसङ्गतिक विरुद्ध आवाज उठाउने तथा किशोर किशोरीलाई सक्रिय र जागरुक गराउने पक्षमा यस किशोर किशोरी सञ्जालको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**प्रमाणीकरण मिति २०८२।०३।०५**

**आज्ञाले**
**धर्मराज खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**

तुर्माखाँद गाउँपालिका